नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं :- ०७४/७५
च. नं. :- ९२६

सिंहदरवार, काठमाण्डौ ।

मितिः २०७४।०७।१७

श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सबै)
श्री गाउँपालिकाको कार्यालय (सबै)।

विषयः **सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धमा।**

स्थानीय तहहरुलाई सूचना प्रविधियुक्त बनाई सेवा प्रवाहसँग आवद्ध गर्ने गरी सबै गाउँपालिका तथा नगरपालिकाहरुमा १/१ जनाका दरले सूचना प्रविधि अधिकृत (IT Officer) व्यवस्था गर्ने गरी यस कार्यक्रमको चालु आ.व. ०७४।७५ मा स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सबै स्थानीय तहलाई बजेट तथा कार्यक्रम पठाईसकेको व्यहोरा अवगत नै छ। सो सन्दर्भमा मिति २०७४।७।१७ को सचिवस्तरीय निर्णयानुसार सम्बन्धित स्थानीय तहले नै देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सूचना प्रविधि अधिकृतको सेवा करार गरी सो को जानकारी यस कार्यक्रमको कार्यक्रम समन्वय ईकाईमा पठाउनु हुन अनुरोध छ।

१. साविकमा महा/उपमहा/नगरपालिका (सम्बन्धित महा/उपमहा/नगरपालिकाहरुको विवरण यसै साथ् संलग्न छ) हरुमा कार्यरत रहेका सूचना प्रविधि अधिकृतहरुको हकमा निजजरूलाई स्वीकृत TOR बमोजिम २०७५ अषाढ मसान्तसम्म कामकाज गर्ने गरी निरन्तरता दिने।

२. साविकका स्थानीय निकाय (जि.वि.स. र न.पा.) हरूमा रही ICT Volunteer को रूपमा काम काज गरेका र हाल स्थानीय तह वा यस कार्यक्रमको प्रादेशिक सहयोग ईकाईहरूमा खटाइएका सूचना प्रविधि अधिकृतहरूलाई स्थानीय तहले करार सम्झौता गरी कामकाजमा निरन्तरता दिन सक्ने|

३. बुँदा नं. १ र २ अनुसार करार सम्झौता हुने बाहेकका र सूचना प्रविधि अधिकृतपद रिक्त रहने स्थानीय तहहरूको हकमा, देहाय बमोजिम हुने गरी उम्मेदवारको छनौट प्रक्रिया अघि बढाई सेवा करार गर्ने।

क) आवेदन दिने प्रायोजनको लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने।

ख) उम्मेदवार छनौट तथा सिफारिसका लागी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा कम्तिमा ३ सदस्यीय (आवश्यकता अनुसार विषय विज्ञ रहने गरी) एक छनौट तथा सिफारिस समिति गठन गर्न सकिने|

ग) सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications



फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np

Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT ) गरेको उपाधिलाई आधार मान्ने ।

घ) सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) मिति २०७४/०३/२८को स्वीकृत सचिव स्तरीय निर्णयानुसार हुने (स्वीकृत TOR यसै साथ संलग्न छ) ।

ङ) छनौट तथा सिफारिस समितिले प्रकाशित गरेको योग्यताक्रम सुची (Roster) को आधारमा स्थानीय तहले सेवा करार गरी काममा लगाउने व्यवस्था मिलाउने ।

च) प्रकाशित सूचना अनुसार इच्छुक उम्मेदवारले रितपूर्वक सम्बन्धित स्थानिय तहमा तोकिएको मितिमा व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरू, अनुभवका प्रमाणपत्रहरू राखी हुलाक, इमेल, फ्याक्स, स्वयम् उपस्थित भई आवेदन दिने व्यवस्था मिलाउने ।

छ) छनौट तथा सिफारिस समितिले छोटो सुची (Short list) देहायको मापदण्डका आधारमा प्राप्त आवेदन फारम हरू को जाँच गरी प्रकाशन गर्ने । छोटो सुची तयारीको लागि निम्नानुसार १०० पूर्णाङ्क कायम गरी कम्तिमा ५० अंक प्राप्त गर्ने आवेदनकर्तालाई मात्र Short list मा समावेश गर्ने:

| क्र.स. | सूचकहरु | पुर्णाङ्क |
|---|---|---|
| १ | **शैक्षीक योग्यता (सूचना अनुसारको न्यूनतम शैक्षीक योग्यताको आधारमा)** | ३० |
| १.१ | **अंक अंकित स्तर निर्धारण पद्दति भएका विश्व विद्यालयको हकमा** | |
| १.१.१ | ८०% वा सो भन्दा माथी प्राप्ताङ्क भएको वा सम्बन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षीक उपाधि भएको । | ३० |
| १.१.२ | ६५% देखी ७९.९९% सम्म प्रप्ताङ्क भएको | २४ |
| १.१.३ | ५५% देखी ६४.९९% सम्म प्रप्ताङ्क भएको | १८ |
| १.१.४ | ५५% भन्दा कम प्राप्ताङ्क भएको | १२ |
| १.२ | **अक्षर अंकित स्तर निर्धारण पद्दति (Letter Grading System) भएका विश्व विद्यालयको हकमा** | |
| १.२.१ | Cumulative Grading Point Average( ३.५ देखी ४ सम्म) वा सम्बन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षीक उपाधि भएको । | ३० |
| १.२.२. | Cumulative Grading Point Average( ३ देखी ३.५ भन्दा कम) | २४ |
| १.२.३ | Cumulative Grading Point Average( २.५ देखी ३ भन्दा कम) | १८ |
| १.२.४ | अन्य | १२ |
| २ | **कार्य अनुभव(सूचना अनुसारको न्यूनतम शैक्षीक योग्यता हासिल गरे पश्चात** | ४० |



फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np

| | | |
|---|---|---|
| २.१ | २ बर्ष भन्दा माथि सरकारी निकायमा IT क्षेत्रमा कार्य अनुभव भएको | ४० |
| २.२ | १ वर्ष भन्दा माथि | ३० |
| २.३ | १ वर्ष सम्म | २० |
| २.४ | कार्य अनुभव नभएको | १२ |
| **३** | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धि** | **२०** |
| ३.१ | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहमा भएमा | २० |
| ३.२ | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहको जिल्लामा भएमा | १६ |
| ३.३ | स्थायी ठेगाना सम्बन्धीत स्थानीय तहको प्रदेशमा भएमा | १२ |
| ३.४ | अन्य | ८ |
| **४** | **२ बर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको भएमा** | **१०** |

ज) छनौट तथा सिफारिस समितिले उम्मेदवारको सिफारिस गर्दा मुख्य उम्मेदवार र सम्भव भएसम्म २ जना वैकल्पिक उम्मेदवारको सिफारिस गर्ने ।

झ) छनौट तथा सिफारिस समितिले सिफारिस गरेको उम्मेदवारलाई स्वीकृत TOR बमोजिम करार सम्झौता गराउने |

ञ) छनौट र सिफारिस प्रक्रियाका लागि प्रशासनिक खर्च आवश्यक भएमा सो को ब्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्ने |

ट) उम्मेदवार छनौट र करार सम्झौता सम्बन्धि थप विधि तथा प्रक्रियाहरू आवश्यक छनौट तथा सिफारिस समितिले प्रचलित कानुन बमोजिम आफै निर्धारण गर्न सक्नेछ |

४. मिति २०७३।०३।२८ को सचिवस्तरीय निर्णय अनुसार सूचना प्रविधि अधिकृतको पारीश्रमिक मासिक न्यूनतम रु ४०,०००।- उपलब्ध गराउने निर्णय भई उक्त रकम सम्बन्धित स्थानीय तहहरूमा पठाईसकिएकोमा देहायको भौगोलिक विवरण (निजामति सेवा ऐन बमोजिम) मा उल्लेख भए अनुसार आधारभूत पारिश्रमिकमा थप दुर्गम भत्ता समेत पाउने गरी पारिश्रमिक ब्यवस्थापन गर्ने ।



फोन: ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं :-

च. नं. :-

सिंहदरवार, काठमाण्डौ ।

| भौगोलिक वर्गीकरण | वर्गीकरण अनुसारका जिल्लाहरु | वेसिक स्केल | दुर्गम भत्ता | जम्मा मासिक तलब |
|---|---|---|---|---|
| क | बझाङ, बाजुरा, दार्चुला, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालिकोट, मनाङ, मुगु, मुस्ताङ, रोल्पा, रुकुम (पूर्वी भाग), रुकुम (पश्चिम भाग), संखुवासभा, सोलुखुम्बु, ताप्लेजुङ्ग । | ४०,००० | ७,५०० | ४७,५०० |
| ख | अछाम, अर्घाखाँचि, बैतडि, भोजपुर, डडेल्धुरा, दैलेख, दोलखा, डोटी, गुल्मी, खोटाङ, ओखलढुङ्गा, पाँचथर, पर्वत, प्यूठान, रामेछाप, रसुवा, सल्यान, तेह्रथुम । | ४०,००० | ५,००० | ४५,००० |
| ग | बाग्लुङ्ग, बर्दिया, दाङ्ग, धादिङ, धन्कुटा, गोरखा, ईलाम, कैलाली, कन्चनपूर, लम्जुङ्, म्याग्दी, पाल्पा, सिन्धुली, सिन्धुपाल्चोक,सुर्खेत, स्याङ्जा, तनहुँ, उदयपूर । | ४०,००० | २,५०० | ४२,५०० |
| घ | बाँके, बारा, भक्तपूर, चितवन, धनुषा, झापा, कपिलवस्तु, कास्की, काठमाडौं, काभ्रे, ललितपूर, महोत्तरी, मकवानपूर, मोरङ, नवलपरासी (वर्दघाट सूस्ता पुर्व), नवलपरासी (वर्दघाट सूस्ता पश्चिम), नुवाकोट, पर्सा, रौतहट, रुपन्देही,सप्तरी, सर्लाही, सिराहा, सुनसरी । | ४०,००० | ० | ४०,००० |

५. सूचना प्रविधि अधिकृतहरुको सेवा करारका लागि समन्वय र सहजीकरण आवश्यक भएमा यस कार्यक्रम अन्तरगतका प्रादेशिक सहयोग ईकाईबाट सहयोग लिन सकिनेछ ।

(रेशम लाल कडेल)
राष्ट्रिय कार्यक्रम व्यवस्थापक



फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट : www.lgcdp.gov.np

नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## मन्त्रालय/ स्थानीय तहमा खटाइएका

# सूचना प्रविधि अधिकृत (IT Officer) को कार्यशर्त विवरण

### १. संक्षिप्त विवरण

| | |
|---|---|
| कर्मचारीको पद : **सूचना प्रविधि अधिकृत (IT Officer)** | सेवा प्रकृति: **करार सेवा** |
| कार्यालयः **सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय/ LGCDP कार्यक्रम समन्वय इकाई** | सुपरिवेक्षक: **प्रमुख प्रशासकीय अधिकृत र LGCDP अन्तरगतका UNV ICT Experts** |
| कार्य समय: **मन्त्रालयले निर्धारण गरे बमोजिम** | सेवा अवधि: **एक वर्ष (३१ असार, २०७५ सम्म)** |
| प्रतिबेदन पेश गर्नुपर्ने निकाय: **LGCDP, कार्यक्रम समन्वय इकाई** | मुख्य कार्यः<br>- **स्थानीय तहलाई सूचना तथा संचार प्रविधि र विधुतीय शासनको क्षेत्रमा आवश्यक सहयोग गरी अपेक्षित नतिजा प्राप्त गर्ने।**<br>- **LGCDP को सम्पर्क व्यक्ति (Focal person) को रुपमा रही सम्बन्धित कार्यक्रम समन्वय इकाईलाई आवश्यक समन्वय र सहयोग गर्ने।** |

**उद्देश्यहरू**

- स्थानीय तहको सूचना तथा सेवाहरूमा आम जनताको पहुँच एवं पारदर्शितामा वृद्धि गर्ने।
- स्थानीय तहबाट प्रदान गरिने आधारभूत सेवा प्रवाहमा सूचना तथा संचार प्रविधि प्रयोग गरि विधुतीय शासन (E-governance) स्थापना गर्न सहयोग गर्ने।
- विधुतीय शासन (E-governance) अनुरुप स्थानीय तहका आवश्यकतालाई सम्बोधन गर्न कार्यालयका थप आवश्यकताहरुको संकलन तथा विश्लेषण गर्ने।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाडौं

२. कार्य विवरणहरू

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| **सूचना प्रविधि अधिकृत (IT Officer) ले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्:** | | |
| • मन्त्रालय/ स्थानीय तहमा सूचना प्रविधि प्रणाली (website, software, system) स्थापना तथा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग उपलब्ध गराउने। | • मन्त्रालय/ स्थानीय तह स्थापना र संचालनमा रहेका प्रणालीहरु र तिनको प्रयोग भई सेवामा प्रभावकारीता आएको<br>• मन्त्रालय/ स्थानीय तहका विभिन्न सुचना तथा प्रतिवेदन निर्धारित समयमा र नियमित रुपमा आउने प्रकयाको विकास भएको | • मन्त्रालय/ स्थानीय तहका प्रणालीहरुको संचालन र प्रतिवेदन |
| • मन्त्रालय/ स्थानीय तहको ICT / कम्प्युटर अपरेटर / सूचना अधिकारी लगायत अन्य सुचना प्रविधि संग सम्बन्धित कर्मचारीलाई ICT सम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्न तालिम योजना तर्जुमा तथा कार्यान्वयन गर्ने। | • कम्तिमा २ वटा तालिम संचालन भई समबन्धित कर्मचारीले दक्षता हाँसिल गरको | • तालिम तथा अभिमुखिकरण प्रतिवेदन, मन्त्रालय/ स्थानीय तहको रेकर्ड |
| • मन्त्रालय/ स्थानीय तहका सबै कर्मचारीहरुलाई विधुतीय शासन, सूचना तथा संचार प्रविधि सम्बन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गर्ने। | • कम्तिमा २ वटा तालिम तथा अनुशिक्षणवाट कार्मचारीले तालिम तथा सिप प्राप्त गरेको। | • मन्त्रालय/ स्थानीय तह को तालिम, अभिमुखिकरण कार्यक्रम संचालन गरेको माईन्यूट, तालिम प्रतिवेदन |
| • मन्त्रालय/ स्थानीय तहका दैनिक गतिविधि (जस्तै कार्यालय व्यवस्थापन, चिठ्ठी/ संचार, आय/ लेखा, स्टोर व्यवस्थापन) चुस्त र प्रभावकारी बनाउन समयानुकुल सफ्टवेयर/ प्रणाली तयार गर्न उत्प्रेरित गर्ने र संचालन गर्न आवश्यक सहयोग प्रदान गर्ने। | • मन्त्रालय/ स्थानीय तहमा नयाँ प्रणाली/हरु निर्माण भई सुचारु रुपले संचालनमा आएको | • मन्त्रालय/ स्थानीय तहको सम्वन्धित शाखाका प्रतिवेदन |
| • मन्त्रालय/ स्थानीय तहमा हाल संचालनमा रहेका सबै सफ्टवेयर/ प्रणाली (उदाहदरणका लागि निम्न केहि प्रणाली) संचालन गर्न सेटअप गरी सही अभिलेख तथा प्रतिवेदन तयार पार्न आवश्यक सहयोग पुर्याउने।<br>○ Vital Event Registration and Social Security (VERSS) – MIS<br>○ Municipal Administration and Revenue System (MARS) आदि। | • मन्त्रालय/ स्थानीय तहमा हाल रहेका प्रणालीहरु सुचारु रुपले संचालनमा आएको<br>• कार्यालयको आवश्यक विवरण, आन्तरिक कार्यहरू computerised भई अद्यावधिक भएको<br>• सेवाग्राहीहरुको विवरण/ प्राप्त गर्ने सेवा computerised भई अद्यावधिक भएको<br>• व्यतिगत घटना दर्ता का सबै प्रकारका सूचना MIS मा अद्यावधिक भएको | • प्रयोगमा रहेका प्रणालीका प्रतिवेदन<br>• MARS र VERSS MIS मा दर्ता भई सेवा लिएका सेवाग्राहीको संख्या विवरण<br>• मन्त्रालय/ स्थानीय तहका सम्वन्धित शाखाका प्रतिवेदन |

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम कार्यक्रम समन्वय इकाई सिंहदरवार, काठमाडौं

| | | |
|---|---|---|
| ● विधुतीय शासन स्थापनाका लागी आवश्यक निम्न उपकरण र उपायहरुको अध्ययन गरि मन्त्रालय/ स्थानीय तहमा स्थापना गर्न सहयोग गर्ने:<br>○ दैनिक काममा उपयोग हुने यी उपकरणहरू (कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, सर्भर, सोलार ब्याकअप आदि)<br>○ कार्यालयमा इन्टरनेट सेवा र 'free Wi-Fi zone'<br>○ वेबसाइट<br>○ आधिकारिक सामाजिक संजाल (फेसबुक, ट्वीटर, यु-ट्युब आदि)<br>○ सरकारी ईमेल<br>○ डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter)<br>○ डिजिटल सूचना पाटी (Digital Notice Board)<br>○ ई-हाजिरी (bio-metric attendance)<br>○ सामुहिक एस.एम.एस (Group SMS)<br>○ अडियो नोटिस बोर्ड (Audio notice board)<br>○ पालो व्यवस्थापन प्रणाली (Queue Management System)<br>○ मोबाईल एप्लिकेसन (Mobile Application)<br>○ हस्त-लिखित दस्तावेज़हरुको कम्प्यूटरीकृत<br>○ सफ्वेयर/ प्रणाली निर्माण गरि प्रयोग, आदि | ● विधुतीय शासनका उपकरण र उपायहरु स्थापना र सुचारु भएका | ● मन्त्रालय/ स्थानीय तहका सम्वन्धित शाखाका प्रतिवेदन |
| ● मन्त्रालय/ स्थानीय तहको कार्यालय, तथा अन्य विषयगत तहहरुले गत आ.व.मा कार्यान्वयन गरिसकेका तथा हाल कार्यान्वयन गरिरहेका कार्यक्रम/ परियोजनाहरुको लगत व्यवस्थित रुपमा राख्न सहयोग गर्ने। | ● जिल्ला तहमा भएका सवै प्रकारका (विषगत तहका लगायतका) विकासका कार्यक्रमको अवस्थाका up to date सुचना Computerized भएको। | ● मन्त्रालय/ स्थानीय तहको सम्वन्धित शाखाका प्रतिवेदन |
| ● मन्त्रालय/ स्थानीय तहहरुमा रहेका विषयगत संस्था, सेवा प्रदायक, गैह्र सरकारी संस्था, समुदायमा आधारित संघ-संस्थाहरु आदिको ब्यवस्थित विवरण राख्ने प्रणालीको विकास गर्न तथा लगत राख्न सहयोग गर्ने | ● उल्लेखित सवै उपभोक्ता समुह, स्थानीय सेवा प्रदायक, गैह्र सरकारी संस्था, समुदायमा आधारित ससंथाहरुको संख्या, कार्यक्षेत्र, कार्यक्रम आदि विस्तृत विवरण अध्यावधिक गरिएकको। | ● मन्त्रालय/ स्थानीय तहको सम्वन्धित शाखाका प्रतिवेदन |
| ● श्रोत नक्शाङ्कनलाई डिजिटाईजेशन गर्ने लगायत नगर/ गाउँपालिकाको प्रोफाइल बनाउन तथा अद्यावधि गर्नमा सहयोग गर्ने। | ● मन्त्रालय/ स्थानीय तहको प्रोफाइल तथा श्रोत नक्शाहरु वार्षिक रुपमा अद्यावधी गरिएको। | ● संचालनमा रहेका सूचना तथा अभिलेख केन्द्र |

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय इकाई
सिंहदरवार, काठमाडौं

| | | |
|---|---|---|
| ● जिल्ला वा नगर/ गाउँपालिकामा सूचना केन्द्रहरुको स्थापना र संचालन सहयोग गर्ने। | ● संचालित सूचना केन्द्रहरुको अभिलेख अद्यावधी गरि आवश्यक सहयोग गरेको | ● मन्त्रालय/ स्थानीय तहको सम्वन्धित शाखाका प्रतिवेदन |
| ● मन्त्रालय/ स्थानीय तहको वेबसाइट र इमेललाई अद्यावधिक गर्ने र सञ्चालन गर्नमा सहयोग गर्ने | ● मन्त्रालय/ स्थानीय तह को सम्पूर्ण जानकारी सहितको वेबसाइट र इमेल तयार भई निरन्तर अद्यावधिक गरी संचालन गरिएको | ● मन्त्रालय/ स्थानीय तहको वेबसाइट र इमेल |
| ● मन्त्रालय/ स्थानीय तहको कम्प्युटर प्रणाली सम्बन्धी दैनिक क्रियाकलापहरु सुचारु रुपमा सञ्चालन भएको सुनिश्चित गर्न सहयोग गर्ने। | ● मन्त्रालय/ स्थानीय तहका शाखा तथा इकाईहरुमा रहेका कम्प्युटर संचालनमा रहेको। | ● मन्त्रालय/ स्थानीय तहका स्टोर शाखा प्रतिवेदन |
| ● मन्त्रालय/ स्थानीय तहका कर्मचारीलाई ICT सम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण सूचना तथा संचार प्रविधि ब्लग Knowledge Management Database-KMDB, ict4lb.org.np) मा मन्त्रालय/ स्थानीय तहमा प्रयोगमा आउने ICT सम्बधी लेखहरु (tutorial) प्रकाशित गर्ने\| | ● ICT सम्बधी लेखहरु (tutorial) प्रकाशित भएको। | ● KDMB मा प्रकाशित लेखहरु |
| ● मन्त्रालय/ स्थानीय तहमा सुचना प्रविधि क्षेत्रमा आवश्यक रहेका गतिविधिहरू सहित वार्षिक ICT योजना तयार गर्ने। | ● वार्षिक रुपमा ICT योजना तयार गरी स्वीकृतिका लागि पेश गरिएको। | ● ICT योजनाको दस्तावेज |
| ● मन्त्रालय/ स्थानीय तह को ICT status/system को अडिट विवरण संकलन गर्ने । | ● वार्षिक रुपमा ICT को अडिट विवरण भएको | ● अडिट प्रतिबेदन |

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम कार्यक्रम समन्वय इकाई सिंहदरबार, काठमाडौं

**३. कार्यविवरणका लक्ष्य तथा उद्देश्य पूरा गर्न आवश्यक क्षमता तथा स्रोतसाधनहरु**

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| सूचना तथा संचार प्रविधिमा दक्षता | ● ल्यापटप<br>● इन्टरनेट | ● कार्यक्रम सम्बन्धमा आधारभूत एवं अन्य विषयगत तालिम, अभिमुखीकरण<br>● सन्दर्भ सामाग्रीहरूको उपलब्धता (नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना,आदि)<br>● अनुभव आदान प्रदान र सिकाईको अवसर<br>● उपयुक्त कार्य वातावरण (सूचनामा पहुँच, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदि) |

| | |
|---|---|
| **कार्यविवरण र सेवा शर्त अनुसारको काम गर्न मञ्जुर छु।**<br><br>पद: **सूचना प्रविधि अधिकृत (IT Officer)**<br>नामः ...........................................<br><br>दस्तखत :.......................................<br><br>मितिः ...................................... | **कार्यविवरण स्वीकृत गर्ने**<br><br><br>पदाधिकारीको नाम: .......................................<br><br>दस्तखत: .........................................<br><br>मिति: ...................................... |

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
कार्यक्रम समन्वय इकाई
..., काठमाडौं